# लोक सेवा आयोग
## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, पाँचौ, वरिष्ठ सहायक पदको
## प्रतियोगितात्मक लिखित परीक्षा
२०७४/११/०७

पत्र: प्रथम
समय: ३ घण्टा

पूर्णाङ्क : १००

**विषयः बैकिङ्ग, लेखा तथा कम्प्युटर/आइटी**

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

### खण्ड "क"

४० अङ्क

१. नेपाल राष्ट्र बैंकले नेपाल सरकारको वित्तीय सल्लाहकारको रुपमा तथा बैंकहरुको पनि बैंकको रुपमा गर्ने कार्यहरु उल्लेख गर्नुहोस् ।
Describe the functions of Nepal Rastra Bank regarding the government's financial advisor and bank of the banks.

२. नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन अनुसार सक्रिय र निष्कृय कर्जा भन्नाले के बुझिन्छ ? यो कर्जासँग सम्बन्धित कर्जा नोक्सानी अवस्थाको बारेमा उल्लेख गर्नुहोस् ।
According to Nepal Rastra Bank United Directives, What is meant by performing and non performing loan? Menation about the loss loan provision related to these loan.

३. नेपाल राष्ट्र बैंकले जारी गरेको आदेश वा निर्देशनको बैंक तथा वित्तीय संस्थाहरुले उल्लंघन गरेमा त्यस्तो बैंक तथा वित्तीय सस्थालाई नेपाल राष्ट्र बैंकले के कस्तो प्रकारको सजाँय गर्न सक्दछ ? वर्णन गर्नुहोस् ।
What kind of punishment Nepal Rastra Bank (NRB) can impose to the banks and financial institutions when they violate the orders or directives issued by Nepal Rastra Bank? Discribe.

४. नेपालको विद्युतीय कारोवार सम्बन्धीॅन, २०६३ को विशेषताहरु विस्तृत रुपमा वर्णन गर्नुहोस् ।
Describe in detail the features of Electronic Transacfyion Act. 2063 of Nepal.

### खण्ड "ख"

४० अङ्क

५. सन्तुलन परीक्षण भनेको के हो ? सन्तुलन परीक्षणको दुवै पक्ष (सम्पत्ति/ दायित्व) कोसँग समान हुनु मात्र लेखाङ्कनको शुद्धताको प्रमाण हो ? उदाहरणसहित प्रकाश पार्नुहोस् ।
What is trial balance? Is the equality of total amount of both sides (assets/liabilities) of trial balance only the proof of fairness of accounting? Highlight with examples.

६. वाणिज्य बैंकहरुको पूँजी कोष भनेको के हो ? यी बैंकहरुको पूँजी कोष गणना प्रक्रियाको सम्बन्धमा उल्लेख गर्नुहोस् ।
What is Capital Fund of Commercial Banks? Describe the process of Capital Fund calculating of these banks.

७. बैकिङ्ग कारोबारमा अन्तर्निहित जोखिमहरुको चर्चा गर्दै वाणिज्य बैंकले यस्ता जोखिमहरु न्यूनीकरण गर्न अवलम्बन गरेको नीतिहरु उल्लेख गर्नुहोस् ।
Discussing the inherent risks associated with Banking Business, elaborate the policies adopted by Rastriya Banijya Bank to minimize such type of risks.

८. नाफा-नोक्सान खाताको महत्वबारे प्रकाश पार्दै कुल नाफा र खूद नाफा बीचको भिन्नताबारे उल्लेख गर्नुहोस् ।
Highlighting the importance of Profit and Loss Account, explain about the difference between Gross Profit and Net Profit.

### खण्ड "ग"

२० अङ्क

९. Define Operating System. What are the different type of Operating System on the basis of user interface? Explain.

१०. a) Explain about Mail Merge in Word Processing with examples.
b) Write short notes on:
i. E-mail
ii. Excel

CamScanner

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, पाँचौ, वरिष्ठ सहायक पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७४/११/८

पत्र: द्वितिय

समय: ३ घण्टा पूर्णाङ्क : १००

विषय: व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

---

**खण्ड "क"** ४० अङ्क

१. संस्थामा सबै अवस्थामा कुनै एक मात्र नेतृत्व प्रणाली उपयोगी हुँदैन । कुन नेतृत्व प्रणाली उत्कृष्ट हुन्छ र किन ? वर्णन गर्नुहोस् ।

No any style of leadership suits every situation in an organization, which leadership style is best and why? Explain.

२. संस्थागत सुशासनका प्रमुख पक्षहरु के के हुन् ? संस्थागत सुशासन सम्बन्धमा नेपालको वित्तीय प्रणालीमा देखिएका प्रमुख समस्याहरु के के हुन् ? बताउनुहोस् ।

What are the major aspects of corporate Governance? What are the major problems related to Corporate Govenance seen in Nepalese financial system? Mention.

३. "टिप्पणी निर्णय प्रक्रियाको एक महत्वपूर्ण एक महत्वपूर्ण औजार हो ।" यस भनाइलाई उपयुक्त उदाहरणसहित पुष्टि गर्नुहोस् ।

"Memo (Tippani) is an important tool of decision making" Justify this statement with suitable example.

४. कार्यालयको संरचनाको कार्यालयको कुशलतामा कसरी प्रभाव पार्दछ ? बैंकको कार्यालय संरचना सम्बन्धी निर्णय गर्दा के कस्ता कुरामा ध्यान दिनुपर्दछ ? प्रष्ट पार्नुहोस् ।

How does the office layout effect the efficiency of an office? What are the factors that should be considered while cdeciding about the office layout of a bank? Clarify.

**खण्ड "क"** ४० अङ्क

५. कार्य विवरण भनेको के हो ? एउटा वाणिज्य बैंकको वरिष्ठ सहायकस्तरको कर्मचारीको लागि नमूना कार्य विवरण प्रस्तुत गर्नहोस् ।

What is job description? Present a sample job description for the position of senior assistant level personnel of a commercial bank.

६. तालिम चक्रको बारेमा व्याख्या गर्नुहोस् । साथै नेपालको सार्वजनिक संगठनहरुमा तालिमसँग सम्बन्धित समस्याहरु व्याख्या गर्दै यी समस्या समाधान गर्ने उपायहरुको बारेमा चर्चा गर्नुहोस् ।

Explain about training cycle also eludidating the problems related to training in public organization of Nepal. Discuss about the measures to address these problems.

७. निक्षेपलाई परिभाषित गर्नुहोस् । निक्षेपलाई कर्जाको रुपमा लगानी गर्दा वाणिज्य बैंकहरुले कस्ता पक्षहरुमा होसियारी अपनाउनुपर्दछ ? उल्लेख गर्नुहोस् ।

Define deposit. What are the aspects to be considered while lending the deposits in the form of loans? State.

८. विप्रेषणलाई परिभाषित गर्दै यसको माध्यमको बारेमा चर्चा गर्नुहोस् । साथै विप्रेषण व्यवसायको महत्वसमेत उल्लेख गर्नुहोस् ।

Defining remittance, discuss the modes of remittance. Also, state the importance of remittance business as well.

CamScanner

## खण्ड "ग"

२० अङ्क

९. आर्थिक ८% ब्याजदरमा अर्ध वार्षिक ब्याज जम्मा गर्ने चक्रिय प्रणालीमा रु ६८,००० लगानी गरिन्छ भने सो रकम ५ वर्षको अन्त्यमा कति हुन्छ ? साधारण ब्याजमा लगानी गर्नुको सट्टा यसरी गरिएको लगानीमा लगानीकर्ताले कति बढी रकम कमाउँछ ? पत्ता लगाउनुहोस् ।

While Rs 68,000 is invested at the 8% per annum (compounded semi annually), what will be the amount at the end of 5 yerars? How much more amount (Rs.) will the investor earn in this option of investing instead of investing in simple interest system? Find out.

१०. क) निर्वाचनमा कुनै एक उम्मेदवारले कुन सदर मतको ७५% मत प्राप्त गरे । यदि कल मत ५,६०,००० थियो र १५% मत बदर घोषित भएको थियो भने उम्मेद्वारले कति मत प्राप्त गरे ?

In an election, a candidate got 75% of the total valid-votes. If the total votes were 5,60,000 and 15% of the total votes were declared invalid, how much vote did the candidate get?

ख) एउटा रेडियो रु १७,००० मा बिक्री गर्दा १५ प्रतिशत नोक्सान हुन्छ भने २५ प्रतिशत नाफा गर्न कतिमा बिक्री गर्नुपर्ला ?

If a radio is sold at Rs 17,000 there will be a loss of 15% at what price it should be sold in order to get profit of 25%?

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, पाँचौ, वरिष्ठ सहायक (नगद) पदको

प्रतियोगितात्मक लिखित परीक्षा २०७४/१०/९

पत्रः प्रथम

समयः ३ घण्टा

पूर्णाङ्क : १००

विषयः बैकिङ्ग, लेखा तथा सूचना प्रविधि

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

**खण्ड "क"** ४० अङ्क

१. वाणिज्य बैंकको काम, कर्तव्य र अधिकार बारे वर्णन गर्नुहोस् ।
Explain about the functions, reponsibility and authority of chommerical Bank.

२. ग्राहक पहिचान भन्नाले के बुझिन्छ ? बैकिङ्ग कारोवारमा ग्राहक पहिचानको के महत्व छ ? राष्ट्रिय वाणिज्य बैंकमा निक्षेप खाता खोल्ने व्यक्तिले ग्राहक पहिचानका लागि के कस्ता विवरण उपलब्ध गराउनु पर्दछ ? उल्लेख गर्नुहोस् ।
What is understood by "Know Your Customers (KYC)"? What is the importance of KYC in opening deposit transactions? What kind of information should be provide by the person who opens a deposit account in Rastiya Banijya Bank? Describe.

३. बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ अनुसार संचालन र प्रमुख कार्यकारी अधिकृतको नियुक्ति प्रक्रिया एवं निजहरुको दायित्वबारे छोटकरीमा वर्णन गर्नुहोस् ।
Briefly mention about the oppointment and key responsibilities of Diretor and chief Executive officer of Banks and Financial Institution Act, 2073.

४. Negotiable instrument भनेको के हो ? नेपालको कानूनी व्यवस्था अनुसार विभिन्न प्रकारका Negotiable instrument को बारेमा चर्चा गर्नुहोस् ।
What is Negotiable instrument? Discuss about different types of Negotiable instrumnets with reference to Nepales legal provisions.

**खण्ड "ख"** ४० अङ्क

५. राष्ट्रिय वाणिज्य बैंकले तयार गर्ने वासलतमा रहने मूख्य शीर्षकहरु उल्लेख गर्दै ती शीर्षकहरु अन्तर्गत लेखाङ्कन गरिने वित्तिय कारोबार वर्णन गर्नुहोस् ।
Elaborating the major heading of balance sheet that is prepared by Rastriya Banjiya Bank, describe the financial transactions that are mentioned under the headings.

६. जब लेखाइ प्रणालीको अन्तय हुन्छ तब लेखापरिक्षण शुरु हुन्छ । यस भनाइलाई आन्तरित जाँच र आन्तरिक लेखापरिक्षणबीच फरक छुट्टाउनुहोस् ।
"Auditin begins where accountancy end." Explain this statement between internal check and internal audit.

७. बैंकिङ्ग कारोबारमा कर्जा जोखिम भन्नाले के बुझिन्छ ? यस्तो जोखिम न्यूनिकरण गर्ने अवलम्बन गर्नुपर्ने उपायहरु उल्लेख गर्नुहोस ।
What is meant by fund? Why should the banks manage the fund? State the main sources of fund of commercial banks.

८. जिन्सी व्यवस्थापन के हो ? जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक चरणहरुका सम्बन्धमा चर्चा गर्नुहोस् ।
What is inventory management? Discuss the steps required for the effective inventory management.

**खण्ड "ग"** २० अङ्क

९. स्प्रेडसिटको परिभाषा दिनुहोस् । सेल, एक्टिभ सेल र सेल रेञ्जबीच फरक छुट्याउनुहोस् । स्प्रेडसिट सफ्टवेयरका विशेषताहरुको सूचि बनाउनुहोस् ।
Define Spreadsheet. Differentiate between cell, Active cell and cell Range. List out the fearutes of Spreadesheer software.

१०. अपरेटिङ्ग सिस्टमको कार्यहरु के के हुन् ? प्रचलनमा आउको डाटाबेशको प्रकारको सूचि तयार गर्नुहोस् । बैकिङ्ग डाटाबेसका विशेषताहरु समेत वर्णन गर्नुहोस् ।
What are the functions of an operating system? List the different types of detabase that are implemented. Also explain the major characteristics of Bankding Database.

CamScanner

# लोक सेवा आयोग

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, पाँचौ, वरिष्ठ सहायक नगद पदको

## प्रतियोगितात्मक लिखित परीक्षा

## २०७४/१०/१०

पत्र: द्वितीय
समय: ३ घण्टा

पूर्णाङ्क : १००

**विषय: व्यवस्थापन, गणित तथा सेवा सम्बन्धी**

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

### खण्ड "क"

४० अङ्क

१. क) संस्थागत सुशासनका आधारभूत तत्वहरु के के हुन् ? छोटकरीमा उल्लेख गर्नुहोस् ।

What are the basic elements of corporate governance? Elaborate briefly.

ख) सबैभन्दा उपयुक्त उत्प्रेरणाको सिद्धान्त कुन हो ? कारणसहित लेख्नुहोस् ।

Which is the most suitable principle of motivation? Write down with reasons.

२. कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनका विधिहरु के के हुन् ? कर्मचारीको उत्पादकत्व वृद्धि गर्नका निम्ति कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई निष्पक्ष एवं प्रभावकारी बनाउने सुझावहरु दिनुहोस् ।

What are the methods of performance appraisal of an employee? Give suggestions to make the performance appraisal system unbiased and effective for increasing the productivity of the employee.

३. बैंकको एउटा शाखामा हाल आवश्यक दरबन्दीभन्दा ३ जना कर्मचारीहरु कम छन् । यसको कारण कारोबारहरुको पोष्टीङ्ग र मासिक खाताबन्दी समयमा नै गरिएको छैन । त्यसकारण नेपाल राष्ट्र बैंकमा समयमा नै प्रतिवेदन पठाउन कठीनाइ छ । त्यसैले, यो शाखामा कार्यरत कर्मचारीहरुमध्ये ३ जना कर्मचारीहरु एक महिनाको लागि आवश्यक छ । व्यवस्थापनले तिनीहरुलाई सार्वजनिक बिदा एवं कर्मचारीहरु एक महिनाको लागि आवश्यक छ । व्यवस्थापनले तिनीहरुलाई सार्वजनिक बिदा एवं शनिबार पनि कम गराउनुपर्ने । सार्वजनिक बिदा र शनिबार कार्य गरे बापत ती कर्मचारीहरुलाई सट्टा बिदाको सुविधा उपलब्ध गराउन लेख्नुपर्ने टिप्पणी ढाँचा तयार गर्नुहोस् ।

In a branch of a bank, there are 3 employees less than the required number. Due to this, the posting and monthly closing is not done in time. Therefore there is difficulty to send report to the Nepal Rastra Bank timely. So 3 among the employees are necessry in this branch for one month. Management should make them work in public holidays and Saturday as well. Prepare a specimen of memo to be written to provide the employees in lieu of holiday's facility instead of working in public holidays and Saturdays.

४. कार्यालय संरचनाले ग्राहक सन्तुष्टि कायम गर्न कसरी सहयोग पुऱ्याउँदछ ? राष्ट्रिय वाणिज्य बैंकको कार्यालय संरचना कत्तिको ग्राहकमैत्री छ ? उल्लेख गर्नुहोस् ।

How does office layout help to maintain customer satisfaction? To what extent, the office layout of Rastriya Banijya Bank is customer friendly? Elaborate.

### खण्ड "ख"

४० अङ्क

५. Total Quality Management भन्नाले के बुझिन्छ ? Quality Circle ले संगठनको समस्या समाधानमा कसरी प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ ? वर्णन गर्नुहोस् ।

What is mean by Total Quality Management (TQM)? How Quality Circle can pay effective role to solve organizations's problem? Explain.

६. तालिमको परिभाषा दिनुहोस् । तालिमको कार्यसम्पादन, उत्प्रेरणा र वृत्ति योजनासँग कस्तो सम्बन्ध हुन्छ ? स्पष्ट पार्नुहोस् ।

Define training. What relation does a training have with job performance, mtivation and career planning? Clarify.

CS CamScanner

७. क) कुनै सामान ५ प्रतिशत नोक्सानीमा बेच्नुभन्दा ५ प्रतिशत नाफामा बेच्दा रु. १५ बढी आउँछ भने उक्त सामानको लागत मूल्य निकाल्नुहोस् ।

An article when sold at a profit of 5% yield Rs 15 more than when sold at a loss of 5%. Find the cost price.

ख) कुनै ६० लिटरको मिश्रणमा दूध र पानीको अनुपात २:१ छ । यदि यस्तो अनुपातलाई १:२ गर्ने हो भने पानीको मात्रा कति थप्नुपर्छ ?

In a misture of 60 litres, the ration of milk and water is 2:1. If this ration is to be done of 1:2, how much quantity of water should be furthre added?

८. कुनै रकमको चक्रीय ब्याज १ वर्ष र २ वर्षमा क्रमशः रु ३५० र रु. ७२४.५० हुन्छ । अब प्रति वर्षको चक्रीय ब्याजदर प्रतिशत र शुरु रकम पत्ता लगाउनुहोस् ।

The compound interes of a sum of money in 1 year is Rs 350 and 2 yerar are Rs 724.50 respectively. Now, find out the rate of interest compunded yearly and the initial sum.

## खण्ड "ग"

२० अङ्क

९. विप्रेषण भनेको के हो ? विप्रेषण पठाउने प्रचलित माध्यमहरु के के हुन् ? नेपालको अर्थ व्यवस्थामा विप्रेषण आप्रवाहले पुऱ्याउने योगदानको चर्चा गर्नुहोस् ।

What is remittance? What are the prevailing modes of remittance? Discuss the contribution of remittance inflows in Nepalese economy.

१०. कोष व्यवस्थापन भनेको के हो ? बैंक तथा वित्तीय संस्थाहरुले अधिक तरलता र न्यून तरलताको अवस्था के कस्तो उपायहरु अपनाई तरलता व्यवस्थापन गर्नुपर्दछ ? वर्णन गर्नुहोस् ।

What is fund management? What are the methods to be implemented by Banks and Financial Institutions for the management of liquidity during excess of liquidty as well as scarcity of liquidity? Mention.

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, पाँचौ, वरिष्ठ सहायक नगद पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७४/३/२०

पत्र: प्रथम

समय: ३ घण्टा

पूर्णाङ्क : १००

विषय: बैकिङ्ग लेखा तथा कम्प्युटर/आइटी

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुनेछ ।

१. वर्तमान बैकिङ्ग व्यवसायमा ग्राहकमुखी बैकिङ्ग सेवाको आवश्यतामाथि प्रकाश पार्दै राष्ट्रिय वाणिज्य बैंकको ग्राहक सेवाको गुणस्तरमा कसरी सुधार गर्न सकिन्छ ? सुभाव दिनुहोस् ।

Higlighting about the importance of customer oriented banking service to recent banking business. How it can be improved in the quality of customer care service of Rastriya Banijya Bank? Suggest.

२. बैंक तथा वित्तीय संस्था सम्बन्धी एने अनुसार बैंक तथा वित्तीय संस्थाको सचालक समितिको गठन सम्बन्धी व्यवस्थाबारे प्रकाश पार्नुहोस् । कुनै संचालक पदमा मनोनित हुन वा निर्वाचित हुन वा कायम रहन अयोग्य मानिने अवस्थाहरु कुन कुन हुन ? स्पष्ट रुपले वर्णन गर्नुहोस् ।

Highlight on the provisions of the formation of board of directors in a bank and financial institution as per the provision of Bank and Financial Institution Act. What are the conditions in which any board member can not be nominated or elected or not valid to continue for the post? State clearly.

३. नाफा नोक्सान हिसाब भन्नाले के बुझिन्छ ? यसको मुख्य विशेषताहरुको चर्चा गर्दै नाफा नोक्सान हिसाब र वासलातबीचको भिन्नता छुट्याउनुहोस् ।

What is mean by Profit and Loss (P/L) Account? Discussing the salient features of P/L Account distinguish between P/L Account and Balance Sheet.

४. नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशनमा संलग्न मुख्य ५ वटा निर्देशनहरु उल्लेख गरी तिनीहरुको विशेषता छोटकारीमा चर्चा गर्नुहोस् ।

Enumerate five main directives included in the Unitied Directives issued by Nepal Rastra Bank and discuss their features in brief.

५. वित्तीय संस्थाहरुका लागि जारी Information Technology Guideliness मा Security सम्बन्धमा गरेका प्रमुख व्यवस्थाहरुको बारेमा वर्णन गर्नुहोस् ।

What is data security system? Why is it necessary? Describe about the major provisions relating to security provisioned in Information Technology Guideliness issued by Nepal Rastra Bank for the bank and finuncial Institutions.

mmm

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, पाँचौ, वरिष्ठ सहायक नगद पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७४/३/२१

पत्र: द्वितीय

समय: ३ घण्टा

पूर्णाङ्क : १००

विषय: व्यवस्थापन, गणित तथा सेवा सम्बन्धि

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुनेछ ।**

१. संगठनमा द्वन्द्व उत्पन्न हुने कारणहरु र सोका प्रभावहरु के के हुन् ? द्वन्द्व व्यवस्थापनका लागि अपनाउनु पर्ने प्रभावकारी उपाहरु उल्लेख गर्नुहोस् ।

What are the causes of conflict and its impacts in an organization? Mention the effective measures for conflict management.

२. कार्यालय व्यवस्थापन भनेको के हो ? यसका प्रमुख कार्यहरु के के हुन् ? नेपालको सन्दर्भमा कार्यालय व्यवस्थापनमा देखा परेका चुनौतीहरु उल्लेख गर्दै सुधारका लागि अपनाउनुपर्ने उपायहरुका बारेमा व्यख्या गर्नुहोस् ।

What is office management? What are the major functions of it? In the context of Nepal, elaborating the challenge existed on office management, explain the corrective measures to be adopted for the improvement.

३. राष्ट्रिय वाणिज्य बैंक वृत्तिमा विकासका के कस्ता अवसरहरु रहेका छन् ? यसलाई थप प्रभावकारी बनाउन के के गर्न सकिन्छ ? सुझाव दिनुहोस् ।

What sorts of career development opportunities are three in Rastriya Banijya Bank? We can be done to make it more effective? Give suggestions.

४. क) एक विद्यार्थीले रु १५,००० ऋण लिएर वार्षिक १२ प्रतिशत व्याजदरमा एउटा कम्प्युटर खरिद गऱ्यो । यदि मासिक किस्ताको आधारमा भुक्तानी गर्ने गरि २ वर्षको अवधिमा ऋण तिर्नुपर्ने हो भने उसले प्रति महिनामा कति रकम तिर्नुपर्दछ ।

A student taking a loan of Rs. 15,000 purches a computer at 12% rate of interest per annum. If the loan is to be paid back in monthly installment basis over 2 years, how much amount should he pay per month?

ख) राम श्यामले कुनै काम ८ दिनमा पूरा गर्न सक्छन् । राम एक्लैले सो काम गर्न १२ दिन लगाउँछ । यदि उसले ३ दिनसम्म मात्र काम गरेर छोड्छ भने श्याम एक्लैले बाँकी काम पूरा गर्न कति दिन लाग्ला ?

५. बैंकको कर्जा जोखिम न्यूनिकरण गर्न कर्जा सूचना केन्द्रको कस्तो भूमिका रहेको छ चर्चा गर्दै कस्ता ऋणीहरुलाई बैंकमा नियतपर्वक ऋण नतिर्ने ऋणीहरुको सूचीमा राखिन्छ लेख्नुहोस् ।

How credit informtion bureau can play vital role to minimize credit risk of Banks what types of loan clients are declared as willful defaulters in Bank.

CamScanner

# लोक सेवा आयोग

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, सूचना प्रविधि, पाँचौ, वरिष्ठ सहायक (कम्प्यूटर अपरेटर) पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७४/३/२०

पत्र: प्रथम
समय: ३ घण्टा

पूर्णाङ्क : १००

**विषयः बैंकिङ्ग लेखा तथा सूचना प्रविधि**

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुनेछ ।**

१. नेपालको बैंकिङ्ग क्षेत्रका वर्तमान चुनौतिहरु के के हुन् ? यी चुनौतिहरुको सामना गर्दा नेपाल राष्ट्र बैंकले चालेको कदमहरुको प्रभाकारीता उल्लेख गर्नुहोस् ।

What are the current challenges of Nepalese Banking Sector ? Explain the effectiveness of step taken by Nepal Rastra Bank to address such challenges.

२. सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ अन्तर्गत सम्पत्ति शुद्धीकरण भन्नाले के बुझिन्छ ? सम्पत्ति शुद्धीकरण निवाकरणका लागि उक्त ऐनमा गरिएका मुख्य व्यवस्थाबारे वर्णन गर्नुहोस् ।

Anti Money Laundering Act, 2064 ? Explain about the key provisions made to fight against money laundering as per the act.

३. लेखापरीक्षणको उद्देश्य के हो ? बैंकको लागि लेखापरीक्षण किन आवश्यक हुन्छ ? विस्तृतमा वर्णन गर्नुहोस् ।

What are the objectives of auditing ? Why auditing is necessary for the banks ? Explain in detail.

४. कर्जा वर्गीकरण तथा कर्जा नोक्सानीसम्बन्धी नेपाल राष्ट्र बैंकबाट जारी गरिएका विद्यमान व्यवस्थाहरु छोटकरीमा उल्लेख गर्नुहोस् । यी व्यवस्थालाई व्यावहारिक, यथार्थपरक र प्रभावकारी बनाई बैंकको निष्क्रिय कर्जाको सहि पहिचान गर्नका लागि के कस्तो परिवर्तन गर्न सकिन्छ ?

Briefly mention the current provisions made by Nepal Rastra Bank rearding loan classification and loan loss provision. What changes can be made to make these (NPL) of a bank ?

५. कार्यालय व्यवस्थापनमा सञ्चारको आवश्यकताबारे चर्चा गर्नुहोस् । साथै प्रभावकारी अन्तरवैयक्तिक सञ्चारमा बाधा पार्ने तत्वहरुसम्बन्धी व्याख्या गर्नुहोस् ।

Discuss about the need of communication in Office management in addition, explain the hindering factors in effective interpersonal communication.

CamScanner

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, सूचना प्रविधि, पाँचौ, वरिष्ठ सहायक (कम्प्यूटर अपरेटर) पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७४/३/२१

पत्र: द्वितीय

समय: ३ घण्टा

पूर्णाङ्क : १००

विषय: बैंकिङ्ग लेखा तथा सूचना प्रविधि

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी हुनेछ ।**

---

१. a. Explain various types of computer storage with their features. Compare them on the basis of cost, speed and capacity. Explain SAN storage in brief.

   b. Computer combinational and sequential logic circuits with examples. How are computers used in bank and financial Institutions ?

२. a. What is the difference between circuit switching and packet swiching ?

   b. What is the difference between TCP/IP and UDP protocol ?

   c. Explain about carrier Sense Multiple Access with Collision Detection (CSMA/CD) algorithm in detail.

३. a. Explain about scheduling algorithm of interactive system in detail.

   b. What is deadlock ? State the required four conditions of dealock.

४. a. What do you understand by Data Warehouse ? Explain its various models and architecture of 3 tier Data Warehouse.

   b. Describe Database Normalization with suitable example. Also, explain 1NF, 2NF, 3NF and BCNF with examples.

५. a. What is the importance of IT audit in banking sector ?

   b. Explain in detail about Electronic Transaction Act, 2063. What is the importance of above in banking sector ?

CamScanner

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैक लिमिटेड, प्रशासन, नगद, पाँचौ, वरिष्ठ सहायक

(नगद) पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७४/३/२८

पत्र: प्रथम

समय: ३ घण्टा

पूर्णाङ्क : १००

विषय: बैकिङ्ग, लेखा तथा सूचना प्रविधि

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षाको माध्यम भाषा अङ्ग्रेजी वा नेपाल हुनेछ ।

**खण्ड "क"** **४० अङ्क**

१. क. नेपालको बैकिङ्ग प्रणालीको विकासबारे संक्षिप्त प्रकाश पार्नुहोस् ।

Highlight in brief about the development of banking system of Nepal.

ख. देशभरि नेपाली मुद्रा आर्थिक कारोबारमा प्रचलित गराउन राष्ट्रिय वाणिज्य बैंकको योगदानबारे उल्लेख गर्नुहोस् ।

Describe the contibution of Rastriya Banijya Bank to make Nepalese currency familiar in economic transations throughout the nation.

२. नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशनअनुसार बैंक तथा वित्तीय संस्थाहरुले कायम राख्नुपर्ने न्यूनतम पुंजी कोष सम्बन्धमा प्रकाश पार्दै पुंजी कोष गणना विधिसमेत उल्लेख गर्नुहोस् । कुनै वित्तीय संस्थाले न्यूनतम पुंजीकोष कायम राख्न नसकेको अवस्थामा हुन सक्ने कारबाहीहरुको बारेमा चर्चा गर्नुहोस् ।

Highlight the provision of 'Capital Adequacy Ratio' for Banks and Financial institutions as per the Unified Directives of Nepal Rastra Bank. Also mention the calculation method for the capital fund. What are the punishments in case a fiancial institution cannot maintain the required capital reserves as per central bank ? Explain.

**खण्ड "ख"** **४० अङ्क**

३. क. जिन्सी व्यवस्थापनको परिचय गराउँदै यसको महत्वका बारेमा प्रकाश पार्नुहोस् ।

Introducing Inventory Management highlight about its importance

ख. लेखापरीक्षणका निर्देशक सिद्धान्तहरुको बारेमा चर्चा गर्नुहोस् ।

Discuss about the guiding principles of auditing.

४. क. वाणिज्य बैंकहरुको वासलातभित्र र वासलात बाहिरको कारोबारको फरक छुट्याई उदाहरणसहित व्याख्या गर्नुहोस् ।

Differentiating between 'on balance sheet' and 'off balance sheet' transations of commercial banks, describe with suitable examples.

ख. नाफा नोक्सान हिसाबको संरचना उदाहरणसहित उल्लेख गर्दै कुल नाफा र खुद नाफाका भिन्नताहरु बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

Explaining the structure of 'Profit and Loss Account' with illustrations, state point wise the differences between Gross Profit and Net Profit.

**खण्ड "ग"** **२० अङ्क**

५. क. Intranet र Extranet लाई परिभाषित गर्नुहोस् ।

Define Intranet and Extranet.

ख. Internet का फाइदा र बेफाइदाहरुबारे लेख्नुहोस् ।

Write about the advantages and disadvantages of internet.

ग. नेपाल राष्ट्र बैंकबाट जारी भएको IT Policy तथा IT Guidelines मा समावेश गरिएका मुख्य विषयहरुको बारेमा चर्चा गर्नुहोस् ।

Discuss about the major aspects included in the IT Policy and IT Guidelines issued by Nepal Rastra Bank.

CamScanner

# लोक सेवा आयोग

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, नगद, पाँचौ, वरिष्ठ सहायक (नगद) पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७४/३/२९

पत्रः द्वितीय

समयः ३ घण्टा

पूर्णाङ्क : १००

विषयः ब्यावस्थापन, गणित तथा सेवासम्बन्धी

**प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षाको माध्यम भाषा अङ्ग्रेजी वा नेपाल हुनेछ ।**

### खण्ड 'क'

१. व्यवस्थापनको अवधारणा उल्लेख गर्दै यसका सिद्धान्तहरु लेख्नुहोस् । नेपालमा प्रभावकारी व्यवस्थापनको लागि उत्प्रेरणा नवीन तरिकाहरुको चर्चा गर्दै नैतिकवान नेतृत्व विकासका लागि गर्नुपर्ने सुधारात्मक कार्यहरुको वर्णन गर्नुहोस् ।
Explaining the concept of management, write down its principles. Discussing the modern tools of motivation for effective management in Nepal, explain the corrective actions to be done for the development of the ethical leadership.

२. टिप्पणी भनेको के हो ? निर्णय प्रक्रियामा टिप्पणीको महत्व उल्लेख गर्दै एबीसी नामको कर्मचारीको अध्ययन बिदा स्वीकृतिका लागि कर्मचारी विभागको प्रमुखसमक्ष पेस गर्ने टिप्पणी नमुना तयार पार्नुहोस् ।
What is "Tippani"? Stating the importance of "Tippani" in decision making process, prepare a sample "Tippani" to submit to the chief of Personnel Department for a study leave approval of an employee, Named ABC.

३. कार्य विश्लेषण भनेको के हो ? यसको महत्व दर्शाउदै राष्ट्रिय वाणिज्य बैंकका सन्दर्भमा कार्य विश्लेषण कसरी गरिन्छ ? विस्तृत रुपमा उल्लेख गर्नुहोस् ।
What is Job Analysis ? Highlighting its importance, how is job Analysis done in the context of Rastriya Banijya Bank ? Explain in detail.

### खण्ड 'ख'

४. क. कुनै मिश्रधन ३ वर्षमा रु. २६,६२० हुन्छ र ४ वर्षमा उक्त मिश्रधन रु. २९,२८२ हुन्छ भने प्रतिवर्षको चक्रिय ब्याजदर प्रतिशत र सुरु रकम पत्ता लगाउनुहोस् ।
If the compound amount of a sum money in 3 Years is Rs. 26,620 and in 4 years the compound amount is Rs. 29,282, find the compound rate of interest p.a. and the initial sum of money?

ख. रामले ५० वटा भैंसी प्रति एकको रु. २२,००० का दरले खरिद गऱ्यो । उसले १६ प्रतिशत फाइदा हुने गरी बिक्री मूल्य कायम गऱ्यो तर त्यसमध्ये १० भैंसी मरे । बाँकी भैंसीहरु तोकिएकै मूल्यमा बिक्री गर्दा रामलाई कति प्रतिशत नाफा वा घाटा होला ? पत्ता लगाउनुहोस् ।
Ram bought 50 buffaloes at Rs 22,000 per buffalo and fixed the selling price of each buffaloes so as the gain 16% profit. But among them 10 buffaloes dead. He sold the remaining buffaloes at the same intended price. What is high gain or loss percent ? Find out.

### खण्ड 'ग'

५. विप्रेषण भनेको के हो ? नेपालको अर्थव्यवस्थामा विप्रेषणको महत्वबारे सान्दर्भिक तथ्यसहित वर्णन गर्नुहोस् ।
What is Remittance ? Explain the importance of remittance in Nepalese economy with revelant facts.

CamScanner